म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ८० २०८१ माघ २४ गते बिहीबार 6 February 2025, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

**भूकम्पबाट जोगिन सचेत बनौं**

- भूकम्पको बेला जोगिने उपायहरुको पूर्वअभ्यास गरौं,
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
- आपतकालिन सामाग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार गरेर राखौं,

भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमती प्रदेशसभा बैठक

# ५ विधेयक विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत



*प्रदेश सभा बैठकमा सहभागी ।*

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशसभाले ५ वटा विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मत स्वीकृत गरेको छ । प्रदेशसभाको बुधबार बसेको दोस्रो बैठकमा उक्त विधेयकमाथि सैद्धान्तिक छलफलसहित विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गरेको हो ।

बुधबार नै बसेको बैठकमा प्रदेशसभाको पहिलो बैठकमा पेश भएको उक्त विधेयकहरुको सैद्धान्तिक पक्षमा छलफल गरी मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश खेलकुद ऐन संशोधन विधेयक, प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाबाट फिर्ता भएर आएको प्रदेश कृषि विकास विधेयक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गरेको हो ।

सो विधेयकहरुको सैद्धान्तिक पक्षहरु माथि प्रदेश सभा सदस्य रत्न प्रसाद ढकाल, प्रेमबहादुर पुलामी र उद्धव थापाले छलफलमा भाग लिनुभएको थियो । उहाँहरुले उठाएका प्रश्नहरुको विषयमा सम्बन्धित मन्त्रालयका मन्त्रीहरुले जवाफ दिनुभएको छ । सो लगत्तै प्रदेशसभाका सभामुख भुवन कुमार पाठकले विधेयकहरु माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ पेश गर्नुभएको थियो । उहाँले निर्णयार्थ पेश गरेको उक्त विधेयकहरु सर्वसम्मत स्वीकृत भएको हो । उक्त विधेयकहरु प्रदेशसभाको यसै अधिवेशनमा पारित गर्ने प्रदेशसभाले तयारी रहेको छ । प्रदेशसभाको अर्को बैठक बिहीबार दिउँसो १ बजे बस्ने गरी स्थगित गरिएको छ ।

# बकैयामा एसईई अभ्यास परीक्षा सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा मंगलबारबाट एसईई अभ्यास परीक्षा सुरु भएको छ । ३० गतेसम्म सञ्चालन हुने परीक्षामा पहिलो दिन अनिवार्य गणित विषयको परीक्षा भएको बकैया गाउँपालिका शिक्षा शाखाका प्रमुख आइतराम तामाङले जानकारी दिनुभयो ।

दिउँसो १ बजेदेखि साँझ ४ बजेसम्म परीक्षा सञ्चालन भइरहेको छ । १२ वटा विद्यालयबाट ४ सय ४३ जनाले एसईई परीक्षा फारम भरेको उहाँले जानकारी दिनुभयो । दोस्रो दिन अनिवार्य अंग्रेजी, तेस्रो दिन अनिवार्य नेपाली, २५ गते समाजिक अध्ययन, २७ गते विज्ञान तथा प्रविधि, २८ गते ऐच्छिक द्वितीय, ३० गते ऐच्छिक प्रथम विषयको परीक्षा हुने प्रमुख तामाङले जानकारी दिनुभयो ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# मध्यरातमा सटर भित्रबाट चोर पक्राउ



समाज संवाददाता

हेटौंडा : हेटौंडाको मुख्यबजार हेटौंडा-४, स्कूलरोडमा मोवाइल पसल चोरी गर्ने क्रममा एकजना चोर पक्राउ परेका छन् । कृष्णसागर श्रेष्ठले सञ्चालन गर्दै आएको पसल '९९ मोवाइल सोलुसन' बाट मंगलबार राती चोर पक्राउ परेको हो । कृष्णसागरले आफ्नै घरमा सञ्चालन गर्दै आएको मोवाइल पसलमा मंगलबार राती १ बजेर ३० मिनेटको समयमा चोरी गर्ने क्रममा १७ वर्षीय किशोर पक्राउ परेका हुन् ।

कृष्णसागरका बुबाले पसलमा कोही प्रवेश गरेको भनी थाहा पाएपछि अगाडि सटरमा हेर्दा ताल्चा नदेखेपछि मोवाइलबाटै हेर्न सकिने गरी पसलमा जडान गरिएको सीसी क्यामरामा हेर्दा चोरी गर्न मान्छे प्रवेश गरेको थाहा पाएको थियो । चोर भित्रै रहेका बेला बाहिरबाट सटर बन्द गरेर प्रहरीलाई खबर गरिएको थियो । प्रहरीले चोरीमा संलग्न एक किशोरलाई पक्राउ गरेको छ । पक्राउ परेका किशोर बारा जिल्लाको बिश्रामपुर गाउँपालिका स्थायी घर भई हेटौंडामा अध्ययनका लागि बस्दै आएको प्रहरीले जनाएको छ ।

कक्षा १२ मा अध्ययनरत किशोरले पहिलो पटक चोरीको प्रयास गरेको बताएको प्रहरीले उल्लेख गरेको छ । प्रहरीका अनुसार चोरीमा संलग्न किशोरको हाउभाउले यसअघि पनि चोरीका घटनामा संलग्न भएको हुन सक्ने अनुमान गरिएको छ । किशोरले १४ जटा मोवाइल, रिचार्ज कार्ड र नगदसहित ६ लाख ७० हजार २ सय २५ रुपैयाँ बराबरको चोरी गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार चोरीमा अरु पनि संलग्न भएको हुन सक्ने आशंका गरी थप अनुसन्धान अघि बढाइएको छ । पक्राउ परेका किशोरलाई मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद अनुमति लिई हिरासतमा राखेर प्रहरीले अनुसन्धान गरिरहेको छ ।

# हेटौँडा–१४ बालमैत्री घोषणा हुँदै

समाज संवाददाता

हेटौंडा : पर्सी शुक्रबार हेटौंडा-१४ नम्बर वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । बुधबार पत्रकार सम्मेलनमार्फत् "बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी" भन्ने मूल नाराका साथ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको हो ।

हेटौँडा-१४ नम्बर वडाका अध्यक्ष दीपक खड्काले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न आवश्यक ५१ वटा सूचकमा पूरा भएसँगै बालमैत्री वडा घोषणा गर्न लागिएको उहाँले जानकारी दिनुभयो । ५१ वटा सूचकमध्ये ४७ वटा सूचकमा सत्प्रतिशत, र बाँकी ४ वटा सूचकमा घोषणाका लागि आवश्यक न्यूनतम प्रतिशत नतिजा हासिल गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने चरणमा आइपुगेको अध्यक्ष खड्काले बताउनुभयो ।

घरधुरी तथ्यांक संकलन सर्वेक्षण-२०७९ अनुसार १८ वर्ष मुनिका २ हजार ४ सय ९४ बालबालिका छन् । जसमा एक हजार २ सय ६७ बालक र एक हजार २ सय २७ बालिका रहेका छन् । कुल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ४८ दशमलव ४४ प्रतिशत बालिका र ५१ दशमलव ५५ प्रतिशत बालक रहेका छन् ।

सामुदायिक र संस्थागत गरी बाल विकास केन्द्रसहित ६ वटा विद्यालय सञ्चालनमा रहेको अध्यक्ष खड्काले बताउनुभयो । २२ वटा बाल समूह र एक वडा बाल सञ्जाल रहेका छन् । जसमा ५ सय ५० जना बालबालिका आवद्ध छन् भने विभिन्न संरचनागत समितिमा समेत गरी ५ सय ७० बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको उहाँले जानकारी दिनुभयो । बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समारोह हेटौंडा–१४ स्थित भृकुटी माध्यमिक विद्यालयमा हुनेछ । हेटौँडा उपमहानगर पालिकाले आगामी फागुन १ गते नगर स्थापना दिवसको अवसरमा बालमैत्री नगर घोषणा गर्ने योजना बनाएको छ । हेटौँडा उपमहानगरका १९ वडा वडा मध्ये १४ नम्बर वडा बालमैत्री वडा घोषणा हुने १९औं वडा हुनेछ ।

**सूचना । सूचना । सूचना ।**

मिति २०८१/१०/२४ गतेदेखि २०८१/१०/३० गतेसम्म भेडा, बाखामा लाग्ने महामारी पि पि आर रोग नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान संचालन हुन गइरहेकाले आफ्ना भेडा बाखाहरुलाई पि पि आर रोग विरुद्धको खोप लगाउन नजिकको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन सबैमा अनुरोध छ ।

पि पि आर भेडा बाखामा विषाणुको कारणले लाग्ने महामारी रोग हो । यो रोग लागिसकेपछि संक्रमित पशुको मृत्युदर १०४ देखि ९०% सम्म हुने र ठुलो आर्थिक क्षति हुने भएकाले यस रोग बिरुद्ध खोप लगाई आफ्ना पशुधनलाई सुरक्षित गर्नु उचित हुनेछ ।

**नोट**: परिचयपत्र प्राप्त खोपकर्ताहरुबाट आफ्ना भेडा बाखालाई खोप लगाउनुहुन अनुरोध छ ।

थप जानकारीका लागि
**पशु सेवा कार्यालय, मकवानपुर**
९८५५०२७७२९, ९८४५६७४१८२




|| बिशेष आकर्षण ||



हेटौंडा आईडल

हेटौंडा आईडल
Construction Expo-2
निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव-२०८१ हुन गईरहेको छ । सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागुन २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ ।
सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

## सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# गाँजाको अर्थ-राजनीति

मकवानपुर जिल्ला गाँजा तथा अफिम खेतीका लागि उर्वर भूमिको रुपमा परिचित छ । जिल्लाको साविक नामाटार, कालिकाटार, भार्ता, गोगने, राक्सिराङ, खैराङ, काँकडा, सरिखेतलगायत पश्चिमी क्षेत्रका गाउँविकास समितिहरु गाँजाखेतीका लागि चर्चित छन् । जिल्लाको पूर्वी क्षेत्रको तत्कालीन केही गाउँ विकास समितिमा पनि गाँजा तथा अफिम खेती हुने गर्दथ्यो । माओवादी सशस्त्र द्वन्द्वको समयमा सुरक्षा निकायको कमजोर उपस्थितिले मौलाएको गाँजा खेती माओवादी शान्ति प्रक्रियामा आएपछि केही कमी भएको थियो । संघीयता कार्यान्वयनपछि पुन: गाँजा तथा अफिम खेती गर्ने क्रम बढेको छ । अझ कतिपय राजनीतिक नेतृत्वले वैधानिक गाँजा खेतीको बहस गर्न थालेपछि गाँजा खेती गर्न हौसला मिलेको आभाष भइरहेको छ । सुरक्षा निकाय, प्रशासन, स्थानीय सरकार, राजनीतिक नेतृत्व सबैले गाँजा खेती अन्त्य गर्न गम्भीरता देखाएका छैनन् । गैरकानुनी र अवैधानिक ठहऱ्याइएको गाँजा खेतीप्रति सरोकारवाला निकायले आँखा चिम्लिदिँदा यसको आकर्षण पुन: बढ्न थालेको छ ।

करिब एक दशक अघि मकवानपुरका तत्कालीन सिडियोले तयार पारेको विकल्पसहित गाँजाखेती न्यूनीकरण प्रतिवेदन कार्यान्वयनमा आउन सकेन । त्यसपछि १८ जना सिडियो फेरिँदा पनि गाँजा खेती अन्त्यका लागि ठोस काम हुन सकेको छैन । प्रतिवेदन तयार पार्ने सिडियो गृहसचिव हुँदा पनि गाँजा खेती अन्त्य गर्न कुनै पहल भएको थाहा भएन । गत वर्ष प्रहरीले पनि गाँजाको विकल्पमा किसानलाई व्यापकरुपमा कफीको बिरुवा वितरण गरे पनि त्यसको निरन्तरता र प्रभाव मूल्यांकन हुन सकेन । प्रहरीले वर्षेनि सञ्चालन गर्ने गाँजा तथा अफिम खेती फँडानी अभियान औपचारिकतामा सिमित बनेको छ । गाँजा फाँड्न ठूलै संख्यामा प्रहरी गाउँ पसे पनि बाटोमा देखिएका फा फु गाँजाको बोट काट्नुलाई उपलब्धि मान्ने गरेको छ । अझ, प्रहरीलाई पैसा बुझाउनेको गाँजा खेती फँडानी नहुने र पैसा नबुझाउनेको फँडानी गर्ने गरेको आरोप पनि प्रहरीलाई लाग्दै आएको छ ।

अवैधानिकरुपमा लगाइएका गाँजा र अफिम खेती नष्ट गरेर यसको अन्त्य गर्न नसकिने पक्कै होइन । देशमा तीनै तहको सरकारसँग आ-आफ्नो प्रहरी बल हुन्छ । स्थानीय सरकारको वडा-वडामा निर्वाचित अध्यक्ष र सदस्यले आफ्नो वडामा कसले गाँजा खेती गरेका छन् भन्ने सहजै पत्ता लगाउन सक्छन् । स्थानीय सरकारले नगर प्रहरी नियुक्त गरेर त्यसको निगरानी गर्न सक्छ । संघीय सरकारले प्रहरी परिचालन गरेर गाँजा खेतीको सूक्ष्म निरीक्षण र फँडानी गर्न असम्भव छैन । कस्ता-कस्ता अपराधमा संलग्न व्यक्तिको पहिचान गर्नसक्ने प्रहरीले बारीमा लगाएको गाँजाको बोट नदेख्ने कल्पनासमेत गर्न सकिँदैन । हरेक वर्ष केही ठाउँको गाँजा तथा अफिम खेती नष्ट गरेर सांकेतिक कारबाही गर्नुको स । केही वर्ष सूक्ष्मरुपले सबै गाँजा नष्ट गर्ने हो भने किसान तथा व्यापारीले गाँजा खेती गर्ने हिम्मत पक्कै गर्ने थिएनन् ।

नेपालमा लागूऔषध गाँजा र अफिम खेतीको ठूलो अर्थ-राजनीति छ । राजनीतिक र आर्थिक फाइदाका लागि गाँजा तथा अफिम खेतीले धेरैलाई सहयोग गरिरहेको बुझ्न कठिन छैन । गाँजा खेती हुने क्षेत्रमा गाँजाको बिरुवा छर्ने (ब्याड राख्ने) बेलादेखि गाँजा तयार नहुँदासम्म भारतीय व्यापारी (विज्ञ) आएर किसानलाई सिकाउने, लगानी गरिदिने र उत्पादन भए पनि खरिद पनि गर्ने गर्दछन् । उनीहरुले खरिद गरेको गाँजा, अफिम तथा चरेश अधिकांश भारतीय बजारमै पुऱ्याइन्छ । किसान र व्यापारीले मात्र नभई स्थानीय राजनीतिक नेतृत्व, सम्बन्धित पालिका तथा वडाका जनप्रतिनिधि, स्थानीय बेरोजगार युवा तथा समाजका अगुवा व्यक्तिहरु, प्रहरी प्रशासन, भरिया, सवारी चालकसम्मले गाँजाको कारोबारबाट आर्थिक लाभ लिएको हुनसक्ने सहजै अनुमान गर्न सकिन्छ । आफ्नो क्षेत्रमा गरिएको गाँजा तथा अफिम खेतीबारे मौनमात्रै बसिँदिँदा पनि राजनीतिक नेतृत्व र जनप्रतिनिधिले राजनीतिक लाभसमेत प्राप्त गर्ने अवस्था बनिरहेको छ । "तैं चुप मैं चुप" भएर अवैधानिक गाँजा खेतीलाई संरक्षण गरिरहने हो भने उचित नियमनसहित गाँजा खेतीलाई वैधानिकता दिनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |


## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसायको काममा मध्यमकारक रहन्छ ।
**वृष** : पारिवारीक समस्याले मन खिन्न रहने योग छ ।
**मिथुन** : दार्शनिक विषयवस्तुप्रति झुकाब बढ्ने समय छ ।
**कर्कट** : आत्मसंयम बनेर काम गर्दा लाभ हुनेछ ।
**सिंह** : प्रशंसा र बढुवा मिल्ने समय योग देखिन्छ ।
**कन्या** : प्रतिद्वन्द्वीहरुसँग सजगता अपनाउँदा राम्रो रहन्छ ।
**तुला** : धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ ।
**वृश्चिक** : निर्णायात्मक क्षमताका काममा कमी आउने छ ।
**धनु** : धार्मिक काममा सरिक भइने समय योग छ ।
**मकर** : अचानक यात्रा र धनार्जनका काममा सरिक भइने छ ।
**कुम्भ** : मानसिक दोधार रहने समय योग रहेको देखिन्छ ।
**मीन** : धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ ।

# सहकारीको नियमन गर्न नसक्ने नियमन प्राधिकरण किन ?



✍ डा. रुप खड्का

नेपालमा केही ठूला बचत तथा ऋण सहकारीका ठगहरुले लाखौं बचतकर्ताको बचत अपचलन गरेपछि यो समस्या विकराल भएको छ । यो स्थिति सिर्जना हुनुमा अन्य कुराहरुका साथै सहकारी सम्बन्धी नियामक निकायको अभाव पनि हो ।

सहकारीलाई नियमन गर्न हालै अध्यादेश मार्फत सहकारी ऐनलाई संशोधन गरेर राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने व्यवस्था गरिएको छ। अध्यादेशको आधाभन्दा बढी हिस्सा प्राधिकरण सम्बन्धी व्यवस्थाकै लागि खर्चिएको छ ।

प्राधिकरण संघ, प्रदेश र स्थानीय तहका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्ने अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र संगठित संस्था हुने भनिएको छ। यसमा एक जना अध्यक्ष, एक जना विज्ञ सदस्य, एक जना चार्टर्ड एकाउन्टेन्ट सदस्य र दुई जना पदेन सदस्य रहने र प्राधिकरणको वरिष्ठ कर्मचारी यसको सचिव रहने व्यवस्था गरिएको छ ।

नेपालको अर्थतन्त्रका तीन मध्येको एक खम्बाको रुपमा सकारिएको सहकारी क्षेत्रले नेपालमा दिगो विकासमा महत्वपूर्ण योगदान दिन सक्छ। यस क्षेत्रको नियमन, विकास र विस्तार गर्नका लागि विज्ञहरु भएको एक शक्तिशाली स्वायत्त तथा सक्षम प्राधिकरणको अभाव खट्किएको थियो। नेपाल सरकारले अध्यादेशबाट सहकारी प्राधिकरण स्थापना गर्ने कानूनी आधार सिर्जना गऱ्यो ।

साथै, १४ माघ २०८१ मा अर्को व्यवस्था नभएसम्मका लागि भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिवको अध्यक्षतामा प्राधिकरण गठन पनि गरेको छ, जुन सराहनीय छ । यस प्राधिकरणले आफ्नो कार्य आरम्भ गरिसकेको छ ।

तर, पर्याप्त गृहकार्य नगरेर गठन गरिएको प्राधिकरणको बनोट, त्यसका अध्यक्ष तथा सदस्यको लागि तोकिएको शैक्षिक योग्यता तथा अनुभव, त्यसको अधिकार र कार्यक्षेत्रका साथै प्राधिकरणका लागि गरिएको कर्मचारी व्यवस्थालाई नियाल्दा यस किसिमको प्राधिकरणले सहकारी क्षेत्रले छलाङ मार्न सक्ने वातावरण सिर्जना गर्न सक्ने देखिंदैन ।

### मेरिटोक्रेसीलाई निषेध

सर्वप्रथम, प्राधिकरणको बनोट र त्यसका अध्यक्ष तथा सदस्यका लागि तोकिएको योग्यता तथा अनुभव रुढीग्रस्त मनस्थितिबाट ग्रसित छ । प्राधिकरणका आधा सदस्य पदेन सदस्य भएको सन्दर्भमा यो प्राधिकरण कति स्वतन्त्र हुन सक्ला भनेर शंका गर्ने प्रशस्त ठाउँ छ ।

यसैगरी प्राधिकरणको अध्यक्ष र एउटा सदस्यको नियुक्ति एक सिफारिस समितिद्वारा प्रत्येक पदको लागि सिफारिस गरिएका तीन जना मध्येबाट नेपाल सरकारले एक जना नियुक्त गर्ने व्यवस्था गरिएको भए तापनि चार्टर्ड एकाउन्टेन्ट सदस्यलाई सिफारिस समितिले छनोट नगरी नेपाल सरकारले सोझै नियुक्त गर्ने व्यवस्था छ ।

हाल विभिन्न महत्वपूर्ण पदहरूमा नातागोता, राजनीतिक भागबन्डा, झोले, बिचौलियाहरु नियुक्त हुने आम प्रवृत्ति नै बनिसकेको छ। त्यसो हुँदा चार्टर्ड एकाउन्टेन्ट सदस्यको नियुक्ति मुलुक र संस्थाको विहंगम हित हुने किसिमले मेरिटोक्रेसीका आधारमा भन्दा पनि व्यक्तिगत स्वार्थ वा कुनै किसिमको प्रलोभनका आधारमा हुने सम्भावनालाई नकार्न सकिंदैन ।

यसैगरी प्राधिकरणको अध्यक्ष तथा सदस्यका लागि तोकिएको अनुभव पनि खुला मनले प्रेरित भएको देखिंदैन । अध्यक्षको लागि 'कम्तीमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहमा कार्य गरेको वा अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरका बैंक वा वित्तीय वा सहकारी संस्थामा रही कम्तीमा १५ वर्ष कार्य अनुभव भएको हुनुपर्ने' भनेर तोकिएको छ ।

यसैगरी विज्ञ सदस्यका लागि 'अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरका बैंक वा वित्तीय संस्था वा सहकारी संस्थामा रही अधिकृत स्तरमा कम्तीमा १० वर्ष कार्य अनुभव भएको हुनुपर्ने' भनेर उल्लेख गरिएको छ।

यसरी सीमित क्षेत्रमा लामो समयसम्म काम गरेको अनुभवलाई मात्रै नियुक्तिको मापदण्ड बनाउँदा कतिपय योग्य, सक्षम तथा सहकारी क्षेत्रलाई गतिशील नेतृत्व दिन सक्ने युवा प्राधिकरणको अध्यक्ष वा सदस्यको उम्मेद्वार हुनबाटै वञ्चित हुनुपर्ने स्थिति बनेको छ ।

नेपाल वा नेपाल बाहिरका ख्यातिप्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा अन्य विशिष्ट शिक्षा हासिल गरेका तथा यस क्षेत्रको स्तर वृद्धि गर्न सक्ने र नियामकीय उत्कृष्टता हासिल गर्न सक्ने युवालाई अध्यक्ष वा सदस्य भएर प्राधिकरण प्रवेशको बाटो नै छेकिएको छ ।

युवाहरूले विश्वका विभिन्न देशमा चमत्कारपूर्ण योगदान दिएका प्रशस्त उदाहरण छन् । मिखेल साकाशभिली ३७ वर्षको उमेरमा सन् २००४ मा जर्जियाको राष्ट्रपति चुनिएका थिए जसले एलेक्सी अलेक्सिसभिली (जससँग मैले केही समय काम गरेको थिएँ) लाई ३१ वर्षको उमेरमा सन् २००५ मा अर्थमन्त्री नियुक्त गरे ।

यो युवाहरूको समूहको सरकारले संसारको सबभन्दा भ्रष्ट मुलुकको श्रेणीमा रहेको जर्जियामा छोटो समयमै चमत्कारी सुधार गरेका थिए । विश्व बैंकको 'डुइङ बिजनेस' सर्वेक्षणले २००५ देखि २०१० सम्म हरेक वर्ष जर्जियालाई विश्वको शीर्ष सुधारक देशको रुपमा स्थान दिएको थियो।

विश्व वैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, एशियाली विकास बैंक, संयुक्त राष्ट्रसंघ जस्ता संस्थामा उल्लेखनीय कार्य गरेको योग्य र सक्षम नेपालीलाई पनि प्राधिकरणको अध्यक्ष वा सदस्य भएर योगदान गर्ने बाटो अध्यादेशले छेकेको छ ।

मेकेन्जी, बोस्टन परामर्श समूह, बेन एण्ड कम्पनी जस्ता अन्तर्राष्ट्रिय ख्यातिप्राप्त परामर्श कम्पनीमा उल्लेखनीय योगदान दिएका नेपाली विज्ञहरूका साथै हार्वर्ड, प्रिन्स्टन तथा एमआईटी लगायतका ख्याति प्राप्त विश्वविद्यालयमा अध्यापन गराएका विद्वान् प्राध्यापकहरु पनि प्राधिकरणको अध्यक्ष वा सदस्यको लागि सम्भाव्य उम्मेद्वार हुनबाटै वञ्चित भएका छन् ।

नेपालको सार्वजनिक प्रशासनमा सक्षम व्यक्तिलाई संलग्न गराउने उद्देश्यले राजा महेन्द्रले डा. भेषबहादुर थापालाई अमेरिकाबाट फिर्ता बोलाएका थिए। भारतमा डा. मनमोहन सिंहले विदेशका विश्व प्रसिद्ध संस्थाहरुमा काम गरिरहेका डा. मोन्टेक सिंह अहलुवालिया, डा. रघुराम राजन जस्ता ख्याति प्राप्त अर्थशास्त्रीलाई भारतमा आमन्त्रण गरेर काम गरेका थिए। उनीहरूले भारतको आर्थिक सुधार तथा विकासमा महत्वपूर्ण योगदान दिएका थिए।

यसैगरी 'कुनै विदशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियक्त हुन अयोग्य हुने' भनेर गरिएको प्रावधानले मुलुकको विकासको लागि ठूलो योगदान दिन सक्ने गैरआवासीय नेपाली पनि प्राधिकरणमा अटाउन सक्ने उदार भाव राखेको देखिंदैन ।

मुलुकको विकासको लागि गैर नेपाली नागरिकको पूँजी, सीप तथा प्रविधिलाई आकर्षण गर्न समेत दोहोरो नेपाली नागरिकता दिने व्यवस्था भएको छ । साथै, १० वर्षसम्म भिसा आवश्यक नपर्ने वातावरण सिर्जना भएको वेला योग्य, अनुभवी तथा सक्षम गैरआवासीय नेपालीलाई प्राधिकरणको अध्यक्ष वा सदस्य पदमा नियुक्त हुन उम्मेद्वार हुन नपाउने गर्नु उपयुक्त होइन।

मुलुकमा विकासलाई तीव्रता दिन संकीर्ण विचार होइन बाकस बाहिर (आउट-अफ-बक्स) सोच्नु आवश्यक छ। आवश्यक भएमा गैरआवासीय नागरिकलाई मात्र नभई विदेशी नागरिकलाई पनि विभिन्न महत्वपूर्ण पदमा मनोनयन गर्ने अन्तर्राष्ट्रिय असल अभ्यास छ ।

उदाहरणका लागि पश्चिम अफ्रिकी मुलुक लाइबेरियाका राष्ट्रपतिले २० पुस, २०८१ (४ जनवरी, २०२५) मा अमेरिकी नागरिक डा. लैली मापारियानलाई लाइबेरिया विश्वविद्यालयको १६औं प्रेसिडेन्ट (कुलपति) मा मनोनयन गरेका छन् । विभिन्न सरोकारवालाहरुले मापारियानको नेतृत्वमा विश्वविद्यालयमा शैक्षिक वातावरण तथा वित्तीय सुशासन कायम गर्न महत्वपूर्ण सुधार पहल गरिने आशा व्यक्त गरेका छन्।

यसैगरी विभिन्न देशको मुलुकको कर प्रशासन (रेभिन्यू अथिरिटी) को नेतृत्व विदेशीलाई दिएपछि कर प्रशासनमा व्यापक सुधार भएर राजस्व संकलन उल्लेखनीय रूपमा वृद्धि भएका उदाहरण पनि छन् ।

जस्तै, आइरिस कर विज्ञ किरन होम्स बुरुण्डी रेभिन्यू अथोरिटीको प्रमुख-कमिसनर जनरल) नियुक्त भएका थिए भने बेलायती नागरिक चार्ली जेन्किन्स लेसोथो र स्वाजिल्याड रेभिन्यू अथोरिटीका प्रमुख (कमिसनर जनरल) भएका थिए । त्यसले गर्दा ती मुलुकहरुको कर प्रशासनमा सुधार हुनुका साथै राजस्व पनि वृद्धि भएको थियो ।

मुलुकमा सुधार र विकासको लागि आवश्यक भएमा मुलुकको महत्वपूर्ण पदमा विदेशीलाई समेत नियुक्त गर्ने चलन विकासशील मुलुकमा मात्र नभई विकसित देशमा पनि छ । क्यानेडियन अर्थशास्त्री मार्क जोसेफ ओसी सन् २०१३ देखि सन् २०२० सम्म बैंक अफ इंग्ल्याण्डको १२०औं गभर्नर भएको तथ्यले प्रमाणित गर्दछ ।

राजपत्रांकित प्रथम श्रेणी वा सो सरहमा कार्य गरेको आधारमा प्राधिकरणको अध्यक्षमा कुनै जिन्दगीभर टिप्पणी उठाएर अवकाश भएको लुते वा छट्टु अध्यक्ष पदमा नियुक्त भएमा प्राधिकरण गतिशील तथा प्रभावशाली संस्था हुने छैन ।

त्यस्तो अध्यक्षले सहकारी क्षेत्रलाई नयाँ दिशा दिन सक्ने छैन । सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक जस्ता संस्थाहरूसँग प्रभावकारी रूपमा समन्वय गर्न सक्ने छैन, त्यसले उच्च मान्यता तथा सम्मान पाउने छैन ।

त्यसले प्राधिकरणलाई नाममात्रको संस्थामा रूपान्तरण गर्नेछ। त्यस्तो अध्यक्ष सहकारी क्षेत्रमा क्रान्ति ल्याउने भन्दा पनि सम्बन्धित मन्त्री तथा निजका आसेपासेका व्यक्तिलाई नियुक्ति दिने, सवारी साधनको दुरुपयोग गर्ने जस्ता कार्यमा अल्मलिने सम्भावना बढी छ ।

### विज्ञता नभएका कर्मचारीको प्रवेश

प्राधिकरणमा सहकारी, बैंकिङ तथा वित्तीय व्यवस्था सम्बन्धी विषयको राम्रो ज्ञान र अनुभव भएका योग्य, सक्षम र प्रेरित कर्मचारी चयन गर्ने विशेष व्यवस्था पनि गरिएको देखिंदैन । प्राधिकरण बचत तथा ऋण सहकारीलाई नियमन गर्न गठन गरिने भनिएकोले त्यसमा भर्ना गरिने कर्मचारीको लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा सीप र भर्ना प्रक्रिया नेपाल राष्ट्र बैंकका कर्मचारी भर्ना प्रक्रिया जस्तै हुनुपर्ने हो ।

अध्यादेशमा प्राधिकरणले आफ्नो कार्य सम्पादन गर्नको लागि आवश्यकता अनुसार विशेषज्ञ, प्राविधिक तथा सहायकस्तरका कर्मचारी करारमा नियुक्त गर्न सक्नेछ भनिएको छ। तर, प्राधिकरण गठन भएपछि खारेज हुने राष्ट्रिय सहकारी विकास बोर्डमा कार्यरत कर्मचारीहरु कुनै छनोट प्रक्रिया नअपनाई प्राधिकरणको समान तह र पदमा स्वत: समायोजन हुने व्यवस्था गरिएको छ ।

यसैगरी प्राधिकरणको आफ्नै कर्मचारी नभएसम्म प्राधिकरणलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारको कुनै निकाय वा संस्थाहरुमा कार्यरत कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था गरिएको छ ।

यस किसिमका कर्मचारीहरुबाट प्राधिकरण विज्ञहरु भएको सक्षम, सबल तथा प्रभावकारी संस्थाको रुपमा विकसित हुने देखिंदैन । वास्तवमा हाल सहकारीको नियमन नभएको कानूनको अभावले भन्दा पनि सक्षम र पर्याप्त कर्मचारीको अभावले भएको हो । यो तथ्यलाई अध्यादेशले गरेको प्रस्तावित व्यवस्थाले नजरअन्दाज गरेको छ ।

### प्राधिकरण स्वयम्लाई कम महत्व

सहकारीलाई नियमन गर्ने संस्थालाई अन्तर्राष्ट्रिय जगतमा कुन स्तरको मान्यता तथा महत्व दिने गरेको छ भन्ने कुराको सन्दर्भमा अमेरिकामा वित्तीय सहकारीलाई नियमन गर्ने व्यवस्था गर्न खडा गरिएको संस्थालाई हेर्न सकिन्छ ।

अमेरिकामा वित्तीय सहकारीलाई क्रेडिट युनियन भनिन्छ । यस्ता संस्थाहरु संघ वा राज्य दुवै स्तरमा गठन हुन सक्छन् । संघीय तहका वित्तीय सहकारीलाई राष्ट्रिय क्रेडिट संघ प्रशासन (न्याशनल क्रेडिट युनियन एडमिनिष्ट्रेशन) ले नियमन गर्दछ भने राज्य स्तरका वित्तीय सहकारीलाई सम्बन्धित राज्यको वित्तीय प्रशासनले नियमन गर्दछ ।

राष्ट्रिय क्रेडिट संघ प्रशासनलाई एक तीन सदस्यीय सञ्चालक समितिले निर्देशित गर्दछ जसका अध्यक्ष तथा सदस्यलाई राष्ट्रपतिले नियुक्त गर्दछन् र सिनेट (संसद्को माथिल्लो सदन) ले अनुमोदन गर्दछ । राजनीतिक तटस्थता कायम गर्नको लागि दुई जना भन्दा बढी सदस्य एउटै राजनीतिक दलको हुनु नहुने व्यवस्था गरिएको छ ।

यसमा पदेन सदस्य रहने व्यवस्था छैन र यो समिति आफ्ना कामकारबाही गर्न पूर्ण रुपमा स्वतन्त्र छ । त्यसमा सम्बन्धित विषयको राम्रो ज्ञान र दक्षता भएका पर्याप्त कर्मचारी रहने व्यवस्था छ जसले सहकारी संस्थाको नियमन प्रभावकारी रूपमा गर्नुका साथै सहकारी क्षेत्रको विकास र विस्तारको लागि पनि सक्रिय भूमिका निभाउँछन् ।

### वित्तीय बाहेकका सहकारीको नियमन कसले गर्ने ?

प्रस्तावित प्राधिकरणको कार्य क्षेत्र सीमित छ । यसले सिंगो सहकारीलाई नभई बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको मात्र नियमन गर्नेछ। अन्य प्रकारका सहकारीको नियमन कसले गर्ने भन्ने व्यवस्था गरिएको पाइँदैन । हाल नेपालमा स्थापित भएका करीब ३१ हजार सहकारीमध्ये आधा जति बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था भएको अनुमान छ जुन अन्तर्राष्ट्रियस्तरमा तुलना गर्दा बढी हो ।

अमेरिकामा सन् २०२४ मा ३० हजार जति सहकारी भएकोमा क्रेडिट युनियन (वित्तीय सहकारी) को संख्या करीब ४ हजार ५०० भएको अनुमान छ। भारतमा ८ लाख जति सहकारी भएकोमा करीब ८२ हजार ऋण तथा बचत सहकारी भएको अनुमान छ। यसरी कुल सहकारीमा वित्तीय सहकारीको हिस्सा अमेरिकामा १५ प्रतिशत र भारतमा १० प्रतिशत रहेको छ ।

नेपालमा बैंक तथा अन्य वित्तीय संस्थाहरूको तुलनामा वित्तीय सहकारीको प्रशासन खुकुलो भएकोले वित्तीय व्यवस्थाको दुरुपयोग गर्ने उद्देश्यले स्थापना भएका कतिपय सहकारीलाई खारेज गर्नुपर्ने र कतिलाई गाभ्नुपर्ने हुन सक्छ । यसले गर्दा कुल सहकारी संस्थाहरुमा वित्तीय सहकारीको संख्या चार हजारको हाराहारीमा हुनु उपयुक्त हनेछ ।

यसको अर्थ कुल सहकारीको १०-१२ प्रतिशतको हाराहारी भएका वित्तीय सहकारीलाई प्राधिकरणले नियमन

...बाँकी पृष्ठ ३ मा

# पदमपोखरी साँस्कृतिक महोत्सव हुने



*पत्रकार सम्मेलनमा पदमपोखरी महोत्सव बारे जानकारी गराउँदै आयोजक ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१३ नम्बर वडा कार्यालयको आयोजनामा ३ दिने प्रथम पदमपोखरी साँस्कृतिक महोत्सव हुने भएको छ। बुधबार पत्रकार सम्मेलनमार्फत आगामी फागुन ४, ५ र ६ गते पदमपोखरीको लोकतान्त्रिक चोकमा महोत्सव हुने भएको हो ।

स्थानीय व्यापार, कृषि उपज उत्पादनलाई प्रवर्द्धनसँगै वडाबासीको आर्थिक स्थितिलाई उकास्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको पदमपोखरी महोत्सव आयोजक मूल समारोह समितिकी संयोजक रन्जु गेम्जाले जानकारी दिनुभयो । महोत्सवले पदमपोखरीको पहिचानसँगै आन्तरिक पर्यटनलाई टेवासँगै कला, साहित्य तथा संस्कार, संस्कृति जगेर्ना गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाली राष्ट्रिय मौलिकतालाई झल्कने गरी राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुती, स्थानीय परम्परागत उपभोग्य कृषि उपज मकैको खोस्टाबाट बनेको चकटी, बाबियो/बाँसजन्य सामग्री मान्द्रो, नाङ्लो र परालबाट बनेको गुन्द्री, काठजन्य सामग्री, कृषिजन्य उत्पादन तरकारी, फलफूल, मकै, कोदो, फापर, गहुँ चामलको पिठो महोत्सवको आकर्षण रहेको उहाँले जानकारी दिनुभयो ।

खानाका विभिन्न परिकारसहित ८० वटा स्टलहरु रहने बताइएको छ । १३ नम्बर वडाको ४ लाख रुपैयाँ, हेटौंडा उपमहानगरपालिकाको २ लाख रुपैयाँ र बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयबाट १ लाख रुपैयाँ गरी कुल ७ लाख रुपैयाँको सहयोगमा महोत्सव आयोजना गर्न लागिएको संयोजक गोम्जाले जानकारी दिनुभयो। महोत्सवमा रोज मोक्तान, प्रिति आले, प्रकाश तितुङ, बिक्रम लुङ्बा, धिरेन लामा लगायत कलाकारहरुको सांगीतिक प्रस्तुती रहने जनाएको छ । पत्रकार सम्मेलनमा वडा अध्यक्ष पेम्बा लामा लगायतको उपस्थिति रहेको थियो ।

# होटल बासुकलामा आज ३१ प्रतिशत छुट

समाज संवाददाता

हेटौंडा : आज बिहीबार एकदिनका लागि हेटौंडा-४, पारिजातपथस्थित होटल बासुकलाले ३१ प्रतिशत छुटको घोषणा गरेको छ। होटल बासुकला सञ्चालनमा आएको ३१औं वार्षिकोत्सवको अवसरमा ३१ प्रतिशत नै छुटको घोषणा गरिएको हो।

केशव बासुकलाले नेवारी खाजा घरको रुपमा सञ्चालन गर्दै आउनुभएको होटल बासुकला अहिले छोरा विकास बासुकलाले फास्टफुड रेष्टुरेन्टको रुपमा सञ्चालन गर्दै आउनुभएको छ। व्यापार, व्यवसायमा चौतर्फी मन्दी छाएको भनी चिन्ता व्यक्त भइरहँदा होटल बासुकलाले २ वर्षअघि स्तरीकरणसँगै राम्रो व्यवसाय गरिरहेको छ । व्यवसाय राम्रो भइरहेको विकास बासुकलाको भनाइ छ ।

३१औं वार्षिकोत्सवको अवसर पारेर होटल बासुकलाले खाजासँगै खाना समेत खुवाउन सुरु गरेको छ । उचित मूल्य, सफा, गुणस्तरीय सेवा प्रदान गर्दै आएको दावी गर्ने होटल बासुकलाले वार्षिकोत्सवका अवसर पारेर सादा खाना दुई सय रुपैयाँ, चिकेन खाना २ सय ५० रुपैयाँ र मटन खाना ३ सय रुपैयाँमा खुवाउन सुरु गरेको छ। एकपटकमा ५० जनालाई खाना, खाजा खुवाउन सक्ने गरी २ वर्षअघि होटल विस्तार गरिएको थियो।

उचित मूल्य, सफा, गुणस्तरीय सेवा र उपयुक्त स्थानमा भएकै कारण होटल राम्रो सञ्चालनमा रहेको सञ्चालक विकास बासुकला दावी गर्नुहुन्छ। परिवारका ४ जनासँगै १६ जनाले प्रत्यक्ष रोजगारी पाइरहेको होटल बासुकलाले ६ महिनाअघि मात्रै हेटौंडा-५, सानोपोखराचोकमा पनि शाखा विस्तार गरेको थियो । शाखामा पनि राम्रो व्यापार भइरहेको विकास बासुकला बताउनुहुन्छ।

वार्षिकोत्सवको अवसरमा सेवाग्राहीलाई सहुलियत दिनुका साथै कर्मचारीलाई वर्ष उत्कृष्ट कर्मचारीको रुपमा १५ हजार रुपैयाँसहित पुरस्कृत गरिने विकास बासुकलाले जानकारी दिनुभयो। वार्षिकोत्सवको अवसरमा खानाको सेवा पनि थप गरेर खानाको मूल्य पनि उचित कायम गरिएको उहाँको दावी छ।

# ३० लाख रुपैयाँ बराबरको अवैध सामान बरामद

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले अवैध सामान बरामद गरेको छ। सोमबार इलाका प्रहरी कार्यालय जीतपुर सिमराबाट खटिएको प्रहरी टोलीले ३० लाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको हो ।

सोमबार बेलुका ९ बजेर ३० मिनेटको समयमा प्रहरी नायब निरीक्षक नारायण रायको कमाण्डमा खटिएको प्रहरी टोलीले जीतपुर चोकमा वीरगञ्जबाट रूपन्देहीतर्फ जाँदै गरेको लु १ ख ७९६९ नम्बरको ट्रकलाई रोकेर सुरक्षा जाँदा गर्दा स्रोत नखुलेको २९ लाख ४८ हजार ९ सय ५३ रुपैयाँ बराबरको बिलविजक भन्दा बढीको सामान बरामद गरेको प्रहरीले जानकारी दिएको छ। बारा प्रहरीका अनुसार ट्रकमा लोड गरेर ल्याएको हार्डवेयर सामान बरामद गरिएको छ। सामानसहित ट्रकलाई नियन्त्रणमा लिएर आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको बताइएको छ।

## सहकारीको नियमन...

गर्नेछ भने अरू बहुसंख्यक सहकारीको अनुगमन कसले गर्ने भन्ने यकिन छैन । वास्तवमा वित्तीय सहकारी बाहेकका अन्य सहकारीको पनि प्रभावकारी रूपमा नियमन हुने व्यवस्था गरिनुपर्दछ ।

### अगाडि हेर्ने होइन, पछाडि फर्कने संस्था

प्राधिकरणको काम, कर्तव्य तथा अधिकारलाई नियाल्दा पनि यस संस्थालाई अगाडि भन्दा पनि पछाडि हेर्ने संस्थाको रुपमा खडा गर्ने मनस्थिति रहेको देखिन्छ । यसमा सहकारीलाई नियन्त्रण गर्ने किसिमले अध्यादेशमा नियमन, निरीक्षण, सुपरीवेक्षण, अनुगमनलाई दोहर्याई-तेहर्याई उल्लेख गरिएको छ भने सहकारीको विकास र विस्तारका लागि प्राधिकरणले खेल्नुपर्ने भूमिकाका बारेमा कतै केही उल्लेख गरिएको छैन। सहकारी स्वायत्त तथा स्वतन्त्र संस्था हुन् ।

तिनीहरू स्वनियममा सञ्चालित हुने संस्था भए पनि तिनीहरूले सर्वसाधारणको बचत सुरक्षित गरे-नगरेको, सदस्यहरूको विश्वास कायम गरे-नगरेको र वित्तीय स्थिरता कायम गरे-नगरेको भनेर सरकारी क्षेत्रबाट पनि तिनीहरूको नियमन हुनुपर्दछ । तर सहकारीलाई नियमन गर्ने नाममा अनावश्यक रुपमा धेरै नियम तोकिनुहुँदैन।

तिनीहरुले पालना गर्नुपर्ने आधारभूत न्यूनतम नियमहरू तोकिनुपर्दछ र त्यसको पालना भए-नभएको निरन्तर रूपमा प्रभावकारी किसिमले अनुगमन गरिनुपर्दछ र नियम विपरित कार्य गर्नेलाई तुरुन्त कठोर सजाय हुने व्यवस्था हुनुपर्दछ ।

सहकारीको नियमन, निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन जति आवश्यक छ त्यसभन्दा पनि सहकारी शिक्षा, तालिम र सूचनाको बढी महत्व छ । यसैले प्राधिकरणले निरन्तर रूपमा सहकारी शिक्षा, तालिम तथा सूचनाको व्यवस्था गरेर सहकारीमा संलग्न हुन चाहनेहरूलाई सहकारीको मर्म तथा सिद्धान्त अनुसार सहकारी सञ्चालन गर्न सक्षम बनाउनुपर्दछ ।

प्राधिकरणले सहकारीका स्वेच्छिक तथा खुल्ला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायको चासो जस्ता सात सिद्धान्तको सम्मान गर्नुपर्दछ, सहकारी संस्थाहरुलाई ती सिद्धान्तको पालना गर्न लगाउनुपर्दछ र सो भए नभएको अनुगमन गर्नुपर्दछ ।

यसरी प्राधिकरणले सहकारीलाई कारबाही गर्ने भन्दा पनि तिनीहरूलाई राम्रोसँग शिक्षत तथा सक्षम बनाएर कारबाही नै गर्नु नपर्ने अवस्था सिर्जना गर्नुपर्दछ। यो वर्तमान अन्तर्राष्ट्रिय असल अभ्यास हो । यस किसिमको व्यवस्था सहकारीमा मात्र नभई अन्य क्षेत्रमा पनि लागू हुँदै गएको छ ।

उदाहरणका लागि परम्परागत रूपमा करदाताको कर निर्धारण कर अधिकृतद्वारा गरिन्थ्यो । त्यसपछि कर अधिकृतले कर निर्धारण गर्नुको सट्टा करदाताले आफ्नो कर आफैं निर्धारण गर्ने स्वयं कर निर्धारण गर्नुपर्ने अभ्यास सुरु भयो । र, करदाताले सही किसिमले कर निर्धारण गरेको छ छैन भनेर यकिन गर्न राजस्व जोखिमको आधारमा कर प्रशासनले नमूना स्वरुप केही करदाताको कर परीक्षण गरिनुपर्दछ भन्ने कुरामाथि जोड दिन थालियो ।

हालैका वर्षहरूमा करदाताले कर निर्धारण गर्दा गरेको गल्ती पत्ता लगाउन कर परीक्षण गर्नुभन्दा पनि करदातालाई करको बारेमा पूर्ण रूपमा शिक्षित बनाएर कर निर्धारण गर्दा गल्ती नै नगर्ने वातावरण सर्जना गर्नुपर्दछ भन्ने मान्यता विकसित भएको छ ।

यसैगरी प्राधिकरणले नियमको पालना नगर्ने सहकारीलाई कारबाही गर्ने मूल लक्ष्य राख्नु भन्दा पनि सहकारीका सदस्य, सञ्चालक, व्यवस्थापक तथा कर्मचारीलाई सहकारी सम्बन्धी विस्तृत जानकारी दिएर सहकारीलाई सहकारीको रूपमा सही किसिमले सञ्चालन गर्ने र कारबाही गर्नुपर्ने आवश्यकता नै सिर्जना हुन नदिने वातावरण सिर्जना गर्ने कुरामाथि जोड दिनुपर्दछ ।

प्राधिकरणको सांगठनिक स्वरुप, त्यसका अध्यक्ष तथा सदस्यहरूको लागि आवश्यक शैक्षिक योग्यता र अनुभव, नियुक्ति प्रक्रिया, कार्यक्षेत्र आदिका बारेमा व्यापक रूपमा छलफल नगरिएकोले यसको राम्रो तर्जुमा हुन नसकेको हो । यस विषयमा राष्ट्रिय बहस भएको भए प्राधिकरण सम्बन्धी प्रस्तावित व्यवस्था सदन भित्र र बाहिर परिमार्जन हुन सक्थ्यो ।

सहकारी जस्तो विशाल क्षेत्रको नियमन गर्ने संस्थाका बारेमा सार्वजनिक बहसै नगरेर कानून निर्माण गर्नु कुशासनको पराकाष्ठा हो । र त्यसबाट निस्कने परिणति अब्बल हुनसक्ने आशा गर्नु मूर्खता हो । यस्तो व्यवस्थाबाट मुलुकको सहकारी क्षेत्रले काँचुली फेर्न सक्ला भनेर विश्वास गर्न सकिँदैन ।

प्राधिकरण कुनै क्षेत्रमा योग्य, सक्षम तथा व्यावसायिक व्यक्तिहरू नियुक्त गरेर त्यस क्षेत्रको द्रुत विकास गर्नका लागि गठन गरिन्छन् । त्यसलाई सफल बनाउन खासगरी अध्यक्षको ठूलो भूमिका हुन्छ । नेपालमा हवाई, बीमा, विद्युत, धितोपत्र लगायत क्षेत्रमा प्राधिकरणको व्यवस्था भए पनि सायद ती क्षेत्रको नेतृत्व सही किसिमले चयन नभएको कारणले समेत कुलमान घिसिङले लोडसेडिङको अन्त्य गरेको बाहेक अन्य प्राधिकरणले उल्लेख्य कार्य गरेका उदाहरण भेटिँदैनन् ।

अर्कोतर्फ कतिपय प्राधिकरणका प्रमुखहरु राजनीतिज्ञहरु समेतको संलग्नतामा राष्ट्रिय आवश्यकताभन्दा पनि व्यक्तिगत लाभ प्राप्तिमा संलग्न हुने गरेका समाचार प्रकाशमा आउने गरेका छन् ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा अन्य प्राधिकरणको जस्तो अवस्था नआओस् भन्नका लागि यसको उपयुक्त संगठन, अध्यक्ष तथा सदस्य पदको लागि आवश्यक शैक्षिक योग्यता तथा अनुभव, नियुक्ति प्रक्रिया आदिलाई खुला हृदयले सबभन्दा योग्य नेपाली नियुक्त हुनसक्ने व्यवस्था गरिनुपर्दछ । प्राधिकरणको कार्य नियन्त्रण मात्र नभई सहकारी क्षेत्रको विकास र विस्तार गर्नु पनि हो भन्ने कुरालाई आत्मसात् गर्नुपर्दछ ।

*(स्रोतः अनलाईनखबर)*


## हेटौंडा उपमहानगरपालिका
## ५ नम्बर वडा कार्यालयको सूचना

लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ त्यसैले

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिने ।
- आफ्नो घर–वरपर सफा राख्ने ।
- पानी राखेको भाँडोलाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना काँप्चामा किटनाशक औषधी छर्कने गरौं ।
- कुलर, पानी टंकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु समयमै सफा गरौं ।

सुशील घिमिरे
वडा अध्यक्ष तथा
५ नम्बर वडा कार्यालय परिवार



## हेटौंडा उपमहानगरपालिका
## ८ नम्बर वडा कार्यालयको सूचना

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, बिवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/ गराऔं ।

रामकृष्ण थापा
वडा अध्यक्ष तथा
८ नम्बर वडा कार्यालय परिवार



## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर



## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७





## टियु फरेष्ट्री गोल्डकप फुटबल

# पुरुषतर्फ एमएस्सी भेट्रान्स र महिलातर्फ आइओएफले जित्यो उपाधि



समाज संवाददाता

हेटौंडा : हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पसको चौरमा भएको टियु फरेष्ट्री गोल्डकप फुटबल प्रतियोगिताको उपाधि एमएस्सी भेट्रान्स र आइओएफले जितेको छ । बुधबार भएको फाइनल खेलमा पुरुषतर्फ एमएस्सी भेट्रान्सले आइओएफलाई १-० गोलअन्तरले हराउँदै र महिलातर्फ आयोजकलाई २-१ गोलले हराउँदै आइओएफ २०८१-०८५ ले उपाधि जितेको हो ।

प्रतियोगिताको पुरुषतर्फको उपाधि विजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । महिलातर्फको उपाधि विजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । यस्तै, उपविजेता महिला र पुरुष टोलीलाई पनि नगद पुरस्कारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रतियोगिताको विजेता र उपविजेता टिमलाई हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले पुरस्कार हस्तान्तरण गर्नुभएको छ । पुरस्कार वितरण समारोहमा प्रतियोगिताका संयोजक सुजन चिलुवालको सभाध्यक्षता रहेको थियो । प्रतियोगितामा कृषि तथा वनविज्ञान विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयका पुरुषतर्फ १० वटा टिम र महिलातर्फ ६ वटा टिमको सहभागिता रहेको थियो ।

हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा सञ्चालन भएको प्रतियोगितामा वडा कार्यालयहरुबाट सहयोग रहेको थियो । प्रतियोगिताका लागि हेटौंडा उपमहानगर पालिकाले ३५ हजार रुपैयाँ, स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) र कलेजबाट ५० हजार रुपैयाँ सहयोग रहेको संयोजक चिलुवालले बताउनुभयो । प्रतियोगिताको समापन कार्यक्रममा स्ववियु कार्यबाहक सभापति अमृत देवकोटालगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# आज वडास्तरीय कविता प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा सञ्चालन भइरहेको दोस्रो संस्करणको वडा खेलकुद महोत्सव अन्तर्गत आज बिहीबार कविता प्रतियोगिता हुने भएको छ । हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमीको व्यवस्थापनमा कविता प्रतियोगिता हुने भएको हो ।

४ नम्बर वडाभित्रका विद्यालयका विद्यार्थीले सहभागिता जनाउन पाउने गरी कविता प्रतियोगिता हुने शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ का अध्यक्ष श्रीराम दहालले जानकारी दिनुभएको छ । कविता प्रतियोगितामा ४ नम्बर वडाको ३ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयबाट १४ जना विद्यार्थीको सहभागिता रहने उहाँले बताउनुभयो ।

कविता प्रतियोगिता बिहान ११ बजेबाट सुरु हुनेछ । ४ नम्बर वडाभित्रका विद्यालयबाट कक्षा १० सम्मका विद्यार्थी प्रतियोगितामा सहभागी हुन सक्ने उहाँले बताउनुभयो । प्रतियोगितामा प्रत्येक विद्यालयबाट २ जना विद्यार्थी सहभागी हुन पाउनेछन् ।

कविता प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुलाई वडा खेलकुद महोत्सवको समापन कार्यक्रममा शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । खेलकुद महोत्सव अन्तर्गत शुक्रबार भुटनदेवी माध्यमिक विद्यालयको व्यवस्थापनमा निबन्ध लेखन प्रतियोगिता हुने भएको छ । यसअघि हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, वादविवाद प्रतियोगिता, नेपाली हिज्जे प्रतियोगिता, जिल्लास्तरीय शिक्षक दौड र बिस्तारै स्कुटर दौड प्रतियोगिता सम्पन्न भइसकेको छ ।

# वडास्तरीय मेयर कप फुटबल, ३ नम्बर वडा सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगर पालिकामा जारी अन्तर वडास्तरीय मेयर कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा ३ नम्बर वडा प्रवेश गरेको छ । थाहा नगरपालिकाको आयोजना तथा वडा नम्बर-११ स्थित ऋषेश्वर फुटबल क्लबको व्यवस्थापनमा बुधबार भएको क्वाटरफाइनल चरणको खेलमा १० नम्बर वडालाई हराउँदै ३ नम्बर वडा सेमिफाइनलमा प्रवेश गरेको हो ।

प्रतियोगिता अन्तर्गत आज बिहीबार क्वाटरफाइनल चरणको २ खेल हुनेछ । पहिलो खेलमा वडा-१२ र वडा-१ बीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा वडा-७ र वडा-८ बीच प्रतिस्पर्धा हुनेछ ।

बुधबार भएको पहिलो खेलमा ७ नम्बर वडा विजयी हुँदै क्वाटरफाइनलमा प्रवेश गरेको छ भने दोस्रो खेलमा विजयी हुँदै वडा-१ क्वाटरफाइनलमा प्रवेश गरेको छ । वडा-२ लाई ४-० गोलको फराकिलो अन्तरले वडा-१ ले हराएको छ भने वडा-१० लाई २-० गोलले ३ नम्बर वडाले हराएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडी र प्रत्येक खेलको म्यान अफ म्याचका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल माघ २६ गते हुनेछ ।

# बागमतीको झुरझुरे क्षेत्रमा सरसफाइ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकाको झुरेझुरेमा सरसफाइ गरिएको छ । ८,५६७ औं विश्वव्यापी वातावरण सरसफाइ अभियान अन्तर्गत मकवानपुरको बागमती गाउँपालिकाको झुरझुरे बजार क्षेत्रमा सरसफाइ गरिएको हो ।

झुरझुरेको १ किलोमिटर सडक वरिपरिको क्षेत्रमा करिब २ सय जनाको सहभागितामा सरसफाइ गरिएको छ । विश्वका १७५ देशमा स्थापना भएको र ३७ लाखभन्दा बढी सदस्य भएको विश्वव्यापी मण्डलीको आयोजनामा कार्यक्रम भएको हो । मण्डलीले छिमेकीलाई सहयोग, आपतकालीन राहत कार्य, वातावरण संरक्षण, रक्तदान कार्यक्रम, शैक्षिक सहयोग गर्ने कार्यसहित स्वयम्सेवा गतिविधिको नेतृत्व गर्दै आएको छ ।

वातावरणलाई हानिकारक पदार्थबाट बचाउन, वातावरण संरक्षणका लागि कार्वन न्यूनीकरण गतिविधिहरुमा सहभागी गराउन, मानिसलाई प्रोत्साहन दिन र त्यसबारे जनचेतना जगाउन अभियान सञ्चालन गरेको बताइएको छ । अभियानमार्फत् पृथ्वीमा सफा वातावरण र स्वच्छ जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले सरसफाइ कार्यक्रम गरेको बताइएको छ ।

# एकैदिन ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ४ जिल्लामा एकैदिन ६ जनाको मृत्यु भएको छ । प्रदेशको काभ्रेपलाञ्चोक, सिन्धुली, धादिङ र रसुवा जिल्लामा विभिन्न घटनामा ६ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोकको धुलिखेलमा फुटपाथमा काम गर्ने एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा सर्लाही घर बताउने ४५ वर्षीय पूर्णबहादुर तामाङ रहेको प्रहरीले जानकारी दिएको छ ।

तामाङ विगत ११ वर्षदेखि काभ्रेपलाञ्चोकको धुलिखेल क्षेत्रमा फुटपाथमा काम गर्दै आएका थिए । तामाङ माघ ६ गते बिरामी भई धुलिखेल अस्पतालमा उपचारका लागि गएकोमा उपचारको क्रममा मंगलबार साँझ ५ बजेर १५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोककै बनेपा नगर पालिका-१०, पुलबजारमा टिपरको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । बुधबार बिहान २ बजेको समयमा अरनिको राजमार्गमा साँगाबाट बनेपातर्फ जाँदै गरेको बा ५ ख ३२४६ नम्बरको टिपरले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

हाल नामथर नखुलेको अन्दाजी २६ वर्षीय पैदलयात्री पुरुषलाई टिपरले ठक्कर दिएर घाइते बनाएको थियो । घाइतेलाई उपचारका लागि शीर मेमोरियल अस्पताल बनेपा लगिएकोमा उपचारको क्रममा २ बजेर ४० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । टिपर चालक काभ्रेको बनेपा नगरपालिका-१०, जनागालका २६ वर्षीय रवि श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सिन्धुलीको मरिण गाउँपालिका-५, बढी मुहानमा पोखरीमा डुबेर १८ महिने बालकको मृत्यु भएको छ । मंगलबार दिउँसो ३ बजेर २० मिनेटको समयमा सन्तबहादुर वाईबाको १८ महिनाको छोरा आवास वाईबा पोखरीमा डुबेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

बालक घरदेखि एक सय मिटर पर रहेको पानीको पोखरीमा डुबिरहेको अवस्थामा फेला परेका थिए । बालकलाई उपचारका लागि प्राथमिक स्वाथ्य केन्द्र कपिलाकोट लगिएकोमा उपचारको क्रममा दिउँसो ४ बजेर १५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुली जिल्लाकै तीनपाटन गाउँपालिका-११, आँपटारमा अचेत अवस्थामा फेला परेका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा ५६ वर्षीय रुद्रबहादुर भट्टराई रहेको प्रहरीले जानकारी दिएको छ ।

सोमबार बिहान ८ बजेको समयमा भट्टराई घरमा कोही कसैलाई नसोधी हिँडेका थिए । भट्टराईलाई खोजतलास गर्दै जाँदा मंगलबार दिउँसो ३ बजेको समयमा द्वारखोलाको पानीमा लडेर अचेत अवस्थामा फेला परेका थिए । उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र लाम्पान्टार चकमके लगिएकोमा साँझ ५ बजेको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

यता, धादिङको धुनिवेशी नगर पालिका-३, छत्रपाटीमा निशान गाडीको ब्रेक फेल भई सडकबाट खस्दा गाडीमा सवार एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा गाडीमा सवार रोल्पाको परिवर्तन गाउँपालिका-५ का ३४ वर्षीय जीवन खड्का रहेको प्रहरीले जानकारी दिएको छ ।

सोमबार राति १० बजेको समयमा धार्के-सीतापाइला सडकखण्डमा काठमाडौंबाट धार्केतर्फ आउँदै गरेको बा ३ क ३०५२ नम्बरको निशान गाडीको ब्रेक फेल भई पल्टँदा जीवनको घटनास्थलमा नै मृत्यु भएको थियो ।

दुर्घटनामा गाडीमा सवार काठमाडौंको कीर्तिपुर नगरपालिका-९, मच्छेगाउँका ४२ वर्षीय राजेश आचार्य घाइते भएका छन् । घाइते राजेशको काठमाडौंको वीर अस्पतालमा उपचार भइरहेको छ । गाडी चालक नुवाकोटको सूर्यगढी गाउँपालिका-३ का ३२ वर्षीय सुरेश तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै, रसुवाको नौकुण्ड गाउँपालिका-५, भोर्ले साउने खोलामा ट्र्याक्टर अनियन्त्रित भई सडकबाट खस्दा ट्र्याक्टर चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा भारतको मोतीहारीका २५ वर्षीय अरवाज महम्मद रहेको प्रहरीले जानकारी दिएको छ ।

मंगलबार बेलुका ७ बजेको समयमा भित्री सडकखण्डमा आम्बासबाट पार च्याङतर्फ जाँदै गरेको ना ४ त ९५५२ नम्बरको ट्र्याक्टर आफैं अनियन्त्रित भई सडकबाट १२० मिटर तल खस्दा चालक अरवाज र १९ वर्षीय धनेश महतो घाइते भएका थिए । घाइते दुबैलाई उपचारका लागि त्रिशुली अस्पताल नुवाकोट लगिएकोमा राति ९ बजेर २५ मिनेटको समयमा चालक अरवाजको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# बालश्रमिकको उद्दार

समाज संवाददाता

हेटौंडाः बुधबार अनुगमनको क्रममा हेटौंडा उपमहानगरपालिकाको नगर प्रहरीले बालश्रमिकको उद्दार गरेको छ । हेटौंडा-९ स्थित माछा पसलबाट १४ वर्षीय र हेटौंडा-४ स्थित एक मोटर वर्कसपबाट १६ वर्षीय बालकको उद्दार गरिएको बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले जानकारी दिनुभयो । यसअघि पुस महिनामा ४ जना बालश्रमिकको उद्दार गरिएको उहाँले बताउनुभयो ।

•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।










VACANCY ANNOUNCEMENT

MIHM MEGHA INSTITUTE OF HOTEL MANAGEMENT

**Positions:** Receptionist/ Marketing staff/ Accountant (Only female candidate can apply)
**Location:** Megha Institute of Hotel Management, Hetauda-4, Sheetal Mahal Bhavan.
**Employment Type:** Full-time

**About Us:**

***Megha Institute of Hotel Management*** *is a leading institute dedicated to providing high-quality hospitality training, including Diploma in Culinary Arts, Barista, Sushi, Bakery, Bartender, Waitstaff, Housekeeping, Naan-Tandoori, and other cooking courses. We are looking for a dynamic and professional Receptionist, Marketing staff and an Accountant to manage operations and to support our administrative team.*

**Requirements:**

- Minimum +2 levels completed (Priority for Hotel Management graduates).
- Proficiency in MS-Word, Excel, and Photoshop.
- Strong communication skills in both Nepali and English.
- Basic accounting knowledge (billing, record-keeping, cash handling).
- Pleasant personality with a customer-friendly attitude.

**Responsibilities:**

- Greet and assist students, visitors, and staff.
- Handle phone calls, emails, and inquiries professionally.
- Maintain student records, registrations, and course schedules.
- Perform basic accounting tasks (fee collection, record maintenance).
- Assist in preparing promotional materials using Photoshop.
- Support the management team in daily administrative tasks.

**Benefits:**

- Attractive salary based on experience.
- Professional growth opportunities.

**How to Apply:** Interested candidates can visit our office for direct application with their updated CV and a recent photograph. **Application Deadline: 2081/10/28.**
For more details, contact us: 057-524042

**Join us and be a part of a dynamic hospitality training institute!**

समृद्ध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ